# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

१५. टिमुन्या गोदाममा वुझाउन्या भाउको दरवन्दि

| | |
|---|---|
| मोहर रु १ को चामल पाठि | ।३।४ |
| ऐजन १ को च्यूरा पाथि | ।४।४ |
| ऐजन १ को फलुवा मुट्याको जौ पाथि | ।५।४ |
| ऐजन १ को मास मुट्याको पाथी | ।४।४ |
| ऐजन १ को फलुवाका चान मुट्याको कोदो पाथी | ।६। |

गौदामा गयाका जागीरदारका घरमा रसद वोकन सकन्या १२ वर्ष देषि उमोका. लोगन्या मानिसहरू छैनन्. मन्या जतिसुकै षेत पाषा कमायाको भया पनि. रसद पुऱ्याउनु पर्दैन। ८

षेत पाषा कमायाको पनी छैन विर्ता वेषफिकढार पनि छैन. अरू थोक रोजी वेपार पनि छैन. भन्या तेस्तार अथवा रसद वोकन्या. लोगन्या मानिस पनि घरमा कोहि छैन भन्या. तेस्तालाइ लाग्दैन– ९

नेपालमा दरिया वमोजिमको रसद पुऱ्याउंदा नेपाललाई अंनले पुगेन भन्या मध्येसवाट झिकायाका वदिवासमा रह्याका चावल मध्ये आठ ८ पाथिका भाउले किञ जानु– १०

इति सम्वत १९११ साल मिति पौष वदि १० रोज ६ शुभम्–

तस्तैं वखतमा श्री जनरल कृष्ण वहादुर कुवर राणाजीका हजुरमा साहु धर्म नारानले लेषि चह्राई पठायाको थैलीहरू गाडामा राषी भिक्षा षोरीमा पुऱ्याइ सक्यौ. वुझिलिन्या कोहि पाईयेन. थैली अलपत्र परि– रहेछ कपतानले हेटौडा पठाईदेउ मैले भाडा दिउला भनि लेषि आउदा हेटौडासम्म पठाइदिउला भनि घोडा वैल भाडा खोजदा जिल्ला जिल्लाको अमलाहरूले घोडा वयेल जो भायाको हेटौडानीर पक्री लग्यो भिक्ष्याषोरितीर फिर्न दिदैनन् थैलीको षात्री सुगौलीसम्म गयाथ्या रसद पनि वनीआ महाजनसंग मानिस हेरि येति तैले दिनु पर्छ भन्या उर्दि मात्र दिराष्याको रहेछ अैले रसद पनि लीयाको छैन शुभम्–

श्री प्राइममिनिष्टरवाट मिरसुवा रत्नमान सिं राजभंडारिलाई लेषि गयाको रसद चलान वरावर गऱ्याकामा राषन्या ठाउं. नपाई. रसद विग्रन जाला भन्या रसद दिन्या मानिस पुग्दैन भनि लेषि पठाया छौ. ताहा तिमीहरूले जौन तरहसंग हुंछ सडकमा गाडा चलन्या गरि चाडो येस्तरफ रसद हिडाई हिडायाका रसद ठाउं ठाउंमा नविग्रन्या पाठसंग काजि षजांचिले अह्राया वमोजिम गर्नुं त जान्यैछस् जगाजगाका रसद ठाउंठाउंमा हिडाउन्या र मद्दत ताकितिलाई हाम्रा भाई श्रीमद्राज कुमार कुमारात्मज श्री जनरल रणउद्दिप सिंह कुवर राणाजि आदित्यवारका दिन आहावाट रवाना भै तेस्तरफ आउन्या छन्. तिमीहरूलाई चाहिन्या कुराका साधसोध भाई संग विन्ति गर्न्या काम गर्नुं. शुभम्–

ताहापछि श्री जनरल रणउद्दिप सिंह कुंवर राणाजि. रसदका हेर्चाहि गर्ना निमित्त मध्येसतर्फ रवाना भया-

पौष वदी ११ रोज ६

श्री प्राइममिनिष्टरका हजुरमा कप्तान महारुद्र लेषि चह्राई पठायाको श्री ठाहिला जनरल साहेव आज शुक्रवारका दिन घडि ४ वाकि छंदा जाहा पावलामी वक्सनु भयो रसद चावलका पनि हीजो देषि तेस्तरफ चलान गर्न्या काम गऱ्या शुभम्-

पौष वदी १२ रोज १

श्री प्राइममिनिष्टरका हजुरमा कपतान लालसिं षतृले लेषि चह्राई पठायाको कलकतामा हुंदि गऱ्याको हुंदि पत्र वमोजिम दाम लीन्या काम गऱ्या हजुरवाट फर्माई वक्सनु भया वमोजिमका माल तलास गर्दा सिपाही क्याप्वाल वन्दुक २ सये नालदेखि बढता कलकत्तामा छैन। त्यो पनि १ के रु ३६ देखि कम् दिदैनन् पत्थर हजार १ लाई रु ३।।। ≡ दरले अघि तार लेख्याभन्दा किफायेत गरि ३ लाख लीन्या काम गऱ्या पैंगुका वा दर क्याप्हरू लीन्या काम गऱ्या सिपाहिवाला वन्दुकको क्याप हजुरवाट मर्जि भया वमोजीम परसम्त गरि पायाको छैन पाया को दर ५। रुपियाले लिन्या काम गऱ्या अघि लेषि आयाको भन्दा येसमा किफायेत भयाको छ औषदुवा गोला फुटन्या गोला गरि २० हजार रवियसटीनका मेगजीनमा १ मन तयारि येकमन. वजन. वजन गोलाको दर ९ रुपिआ दरले छालनुलाई वन्दोवस्त गऱ्या. यो किन्याका मालहरू २।४ दिनमा तेसतर्फ रवाना गर्छु सिपाहिवाला वन्दुक २ सये मात्री षरिद गरि पठाइ दिउ भन्या मर्जि आया पठाउछु तर येक पल्टनलाई पुग्दैन जो मर्जि टक मार्न्या कल भाउ नमिल्दा लिन सक्याको छैन. अन्न षनि तलास गर्दैछु. म्यानृन्का दोकानमा २।४ हजार गोला रह्या छन्. तर न्वाङ भारी गरि चोटग्राहा गोली रह्या छन्. लिन्या काम गरौला: लारम्साहेवका पीनल्या तोप लीनु भनि मर्जि आयाको हो. त्यो भन्या वीकियो. अंत षोजदैछु शुभम्-

पौष वदि १३ रोज १

श्री प्राइममिनिष्टरका हजुरमा श्री कर्णैल षड्ग वहादुर कुंवर राणाजिवाट लेषि चह्राई पठायाको नेपालमा रह्याका पल्टनले नेपालमा वस्ता मा ४ पाथिका भाउले किनि षान्थ्या. येसै भाउले. रसुवामा पनि. षान पाउनु दुनियालाई पनि झाराको ठुलो टंटा नलागोस त सल्लहसंग रसद पनि आइ पुगोस् भन्या तजमीज गरी भाउको र वोकनाको कसरदर मिलाई. भाउको र निरषवोकनाको दस्षत्. जमा जगामा. पठाई. लिस्तिर षुवु गोदाम घर.मा रसद झिकन्या काम भयाको छ. तेस तर्फका. पल्टनले. अघि गौडामा वस्दा क्या भाउले षान्थ्या. वलाङ चुङ रसद पुऱ्याउनु पर्दा. टाढा नजिक क्या छ फौजलाई पनि मुनासिव भाउ पर्न्या रैयत.लाई पनि. दरदर पर्न्या. तजवीज सग गर्नु भनि येस तरफ गयाको. दरवन्दिको सनदको नकल. पठाई दियाको छ सो हेरि तजवीज गरि रसद झिकान्या. काम गर्नु भनि लेखि वक्सी आयाको सिर चह्राऱ्या हामीहरूले पनि पाहाड मध्येस दुवै तरफ रसदको ताकिति गरि राष्याको छ मध्येसको रसद कस्ता तरफले वोकाउन्या हो भनि अघि हजुरमा विन्ति चढाउदा मध्येसको रसद पाहाडैका दुनिआले वोकाउनु भनि हजुरवाट मर्जि भयाको हो: आज पाहाडको रसद निरषको तैले तजवीज गरि येस्तरफ भयाका दरवन्दि वमोजिम रसद झिकाउन्या काम गर्नु भन्या लेषि आउंदा. पाहाडका दुनीयामा आसयं बुझदा हामीले मध्येसको रसद पनि वोकनु पर्न्या छ भन्य पछि. वर्षा याम षेतिपातिको वेलामा मध्येसको रसद वोकनुलाई कठिन पर्ला. आजकाल मध्येसको रसद पनि वोकि वलाङ चुङ पुऱ्याउछु पछि फौजलाई रसद पुगेन भन्या. भन्या हामीलाई लाग्दाको दरवन्दि वमोजिम. घरमा भयाको अनाज वलाङचुङ पुऱ्याउला भन्या दुनियाको आसय. देषदा हजुरमा विंति चढाइ पठायाको छ हाल मध्येसको रसद पाहाडका दुनिआलाई वोकाइ पछि रसदले पुगेन भन्या पाहाडको रसिद झिकाउन्या हो कि हाल पाहाडैको रसद दरवन्दि वमोजिम जमा गरि पछि पाहाडका रसद ले पुगेन भन्या मध्येसको रसद वोकाउन्या हो. हजुरका तजवीजले जो ठहराइ वक्सनु हुन्छ. हजुर वाट यस्मा फिक गर्नु भन्या सिक्षा अति चाडैं मेहर भैं आया मर्जि वमोजिम रसद चलाउन्या काम गरुला अरूण पश्चिम नावाकोसि पुर्वको रसद षुवुमा ल्याउनु पऱ्यो: ति विच

का रैतिलाई ताहावाट रसदको टंटा नचलाउनु. मनि लेषि वक्स्याका अर्थ ति विचका रैतिलाई हाल पल्टन आहा धनकुटा रहंज्याल केहि वेसाहा देउ मनि कोहि जिल्लावाट २.४ रुपियाको वेसौतिल्याथाको षरिद भया वमोजिम पल्टन लेषाया. अवर मर्जि वमोजिम अरूण पश्चीम तावा कोसि पूर्वका रसद आहावाट उठाउन लाउन्या छैन येस पटक यो जंगी काम रहंज्याल तलाई कम्यांडर कर्णेली षीताव भयो. मनि मर्जि मै आयो: सिर चह्लाई षुसि आह्लाद भया. भोट तर्फका चौरी भेडा षरिद गर्नालाई वालुङ्चुङ हटिया च्यांटा स्मेत मागरि चौरी, ६।७ सयसम्म र भेडा ३।४ हजारसम्म पाईन्या रहेछ चौरी कतिसम्म भेडा कतिसम्म षरिद गर्न पर्ला हजुरवाट येतिसम्म षरिद गर्नु भनि सिक्षा अर्ति आया मर्जि वमोजिम षरिद गर्न लाउन्या काम गरुला शुभम्-

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल रणउद्दिपसिंह कुंवर राणाजीवाट लेषि चह्लाई पठायाको हजुरमा विदा भै पौष वदि १० रोज ६ का दिन ४ घडि वाकि छंदा हेटौडामा आइपुग्या. रसद पनि चलान भयो. आज नेपाल दाषिल भयो होला हेटौडावाट ६३४ भारि चलान भया मध्येमा. म आउंदा जगा जगामा ३०।३५ भारि अडन गयाको रहेछ. मे सोचल्यापछि सरासर चलन्या छ पिपा षलासि भन्या सवै अडामा गरि जमा ६ हजार के चानचुन मछंदे षठायाको हो. तेस मध्येमा आह्रा आइपुग्याको र आई नपुग्याको हाजिर गर्न लायाको छ: विति चह्लाई पठाउला चुरियाको वाटो पनि सक्याको रहेनछ मानिस नपाउंदा रह्याको रहेछ र येसपट्टी पिपा कुरियाको वाटो वनाउनलाई मंले षटाई पठाआ षजांची सिद्धिमान सिं राज भंडारि पनि आइपुग्यो रावल राषन्या धोक्रा. वाकुलो टाठको जनि आयाकोमा भन्या. भरि सक्या वोराको वाहिरी कोराको भित्रि भया. को भन्या: भिक्षा षोरिमा २०।२५ हजार आइपुग्याको रहेछ. तेस्मा ज्याला मजुरि दि आहा ल्याउनु भनि· सिपाहि षटाई पठायौ. चावल वयेलमा ल्याउन्याहरूले भन्या सरासर हेटौडा ल्याउदा रह्या छन्. गाडामा ल्याउन्याहरूले भन्या वद्रिवाससम्म ल्याई पुऱ्याउदा रह्या छन् वद्रिवासका रैयतहरू भन्या उपल्लो १२ दिन तल्लो ७ ८ दिन वयेल-मा ल्याउन्या रैयतहरू भन्या उपल्लो ६ दिन तल्लो ३।४ दिनसम्म रसिद र चावल मर्न्या विगर ढिला भै विदा नपाइरहंदो रहेछ नौसिदा भ·या जना ६ मात्र आहा आइपुग्यो ३०।३५ जना लेषन्या पठाई वक्स्या रैयतहरूले रसिदका निमित्त वीस्तार गरी वस्नु पर्न्यैन. जो मर्जि दारोगा वीगा लाटाका जीम्माको र हाम्रा हाति आइ पुग्यो. मोली देषि हेटौडावाट भैस्यासम्म हातिले वोका-उछो पर्सिदेषि भैस्याको चावल वयेल टटुले वोकाई भिफेदी पठाउंला: तर यो वयेल टटु अडामा राष्यापछि रैतिहरूले अघि येक दुई षेप वोकाइ ल्याया आपना ज्यूले र २।३ पाथि मात्र वोकि ल्याउंदो रहेछ. मैले पनि देष्या यो वयेल टटु आहा रह्यापछि रैयतले पनि साह्रै दुष पाउन्या. चावल पनि आउन्या कम होला कि भन्या जस्तो लाग्छ टाटका थैली आइ नपुग्दा धर्म नारानलाई सिपाहि प्यादा लगाई पठायाको छ. पौष वदि ९ रोज: तक चलान भयाको चावल पाथि ।१० अटाउन्या ढोक्रा जमा ३२७८ वाकि थैली भरि सक्याको २७०० र भित्र चोकको. पुर्व पट्टिका लङमा ५।। हात गज ५० हात लमाई भयाका ठाउमा ३।। हात अंगुली चावल छ: दक्षिण पट्टी ५।। हात गज २४ हात लमाई ३।। हात उचासम्म छ. पश्चिम पट्टी ५।। हात गज १४ हात लमाई ३।। हात उचा चावल छ. उत्तरी पट्टी ५।। हात गज २६ हात लामो ३।। हात उचा चावल छ सवै वैठकका. पश्चिमपट्टी कोठामा ५ हात गज २४ हात लामो ३ हात उचा चावल छन् नआ थपुंमा पश्चिम दक्षिण गरि २ लंको ४७ हात लामो १३ हात गज ६ हात उचा चावल छ अंदाजले हेटौडा दाषिल भै सक्याको चावल जमा उपल्लो २० हजार तल्लो १५ हजार मुरी सम्म रहेछ. रोजको ६।७ सये मुरी चावल आउदो रहेछ सुवेदार अैभान विष्टलाई हजुरवाट मर्जि भैं ठकर्मिहरू चुच्या चाध्या गरि १००।१२० चाडै पठाई देउ भनि अह्राई वक्स्या जावस् रसदका कामलाई सिकर्मि जना १२ आवाल जना ८ लाई पनि पठाई वक्सनु भया वढिया होला शुभम्-

पौष वदि १४ रोज ३

ताहापछि श्री प्राइममिनिष्टरवाट कपतान लाल

सि षत् के लेषि गयाको अघि लेखि गयाको फर्मायषि के षखरिद गरि ल्याउमे छौ. फेरी कालीवक्स. पल्टनलाई. केपवाल वन्दुक वाडिया. येस पल्टनलाई चाहिन्दा केप को नमुना पठायाको छ नमुना वमोजिम बेलायेति केप. तिन लाख खरिद गरि ल्याउन्याका मगर येहि नमुना वमोजिम. छुचीवम्याको छ आहावाट पठायाका. नमुनामा घटीवढी वन्दुकमा नमिलन्या हुन नजावल् शुभम्

पौष सुदि २ रोज ५

ताहापछि श्री जनरल कृष्णवहादुर कुवर राणाजीवाट श्री जनरल रणउद्दिप सिंह कुवर राणाजि. के लेषियाको पौष वदि १० रोज ६ का दिन ४ घडि. दिन वाकिमा हेटौडा पुगी चुरियाको वाटो नवन्याको हुनाले त्यो वाटो वनाउनलाई येक पट्टी पिपा खटाई पठाउन्या र पिपाहरूको हाजिरी गर्नलाई. रसदलाई चाहिन्या कुराको आहा लेषि पठाउन्या कुरा. आहा लेषि पठाई. तजीवज गर्न लागन्या. काम वढिया गन्या छौ. नौसिंदा जना ६ मात्र आइपुग्या. अरू लेषन्या पुगेनन्. भनि लेख्याका कुरालाई अघि ताहा गयाका मुषिया नौसिंदा. वाहेक २५ जना. नौसिंदा: पौष वदि ६ रोज देषि ये वदि ९ रोज ४ सम्ममा. दर्शन गराई. ताहा पठायाका हुन्. आजसम्म पुग्या हुन्. ढिल गरि अजसम्म पुग्याका छैनन्: भन्या ऐन वमोजिम अदल गर्न तिमि जान्यौं छौ. चावल राषन्या टाट.का वाकला धोक्रा मा भरिसकि भिक्षाषोरिमा आयाका २०।२५ हजार वोरा लीन सिपाहि षटाई. पठाउन्या काम. वेस भयेछ. ताहा रसदलाई. लेषन्या भरन्या मानिस जति पुर्दैनन्. श्री ५ सर्कारको नगीर्न्या रसदको काम चलन्बा दुनियाले. दुख नपाउन्या. वेहोरासंग श्री ठाहिला भाईका तजवीरमा १०।८ हजारसम्म चाहिन्या: भया पनि. हालनु भन्या श्री मिनिष्टर दाज्यैज्यूबाट मर्जि भयाको छ तिम्रा तजवीजले: लेषन्या. भरन्या ताहाका काजलाई. चाहिन्या. मानिस राषी. काम चलाउन्या पाठ. भया वढिया होला. दारोगावी गालाटा. काजिम्मा. का र हाम्रा हातिहरू आइपुग्या छन् वढिया भयो हेटौदा देषि. भैंस्यासम्म हातिले वोकाउन्या. भैंस्याको चावल वयेल टट्टूले वोकाई. भिफेदि पठाउन्या तजवीज वेस भये छ. येति वेहोरा गर्नु वयेल टट्टु अडामा रह्यापछि. रैयतले. पाउर्दनन्. चावल आउन कम होला कि भन्या विस्तार. लेष्याका कुरालाई. रैतिले आफ्ना आफ्ना वयेल टट्टलाई वोकाई. हेटौडासम्म ल्याउनु. ज्याला मजुरिमा. वन्दोवस्त भयाका वयेल टट्टुले भिफेदि.सम्म वोकाउन्या काम गर्नु. टाटका चैली नआउदा धर्म नारान लाई. सिपाहि प्यादा. पठाई. ताकिति गर्न्या काम. वेस भयेछ रसदका कामलाई. तिमि लेषि पठाया वमोजिम चुच्या चाघा वनाउन लगाई चाडै पठाई दिउला. सिकर्मि जना १२ आवाल जना ८ पठाई दिय का छन्: आई पुगनन् श्री भैरवनाथ पल्टन १ श्री जगनाथ पल्टन १ टोप ६ लिकपतान्. श्री कृष्ण साहि. वल भद्र माझि. तेस पल्टनका पगरि फागुन मैह्लामा येतावाट. गै केरु तरफ कुकुर घाटसम्म जानु. तेसतिरलाई आराम भया. श्री माहिला दाज्यैज्यू. वैशाषसम्ममा जानु. वाहा आई आराम नभया. कर्णेल कृष्ण ध्वज कुंवर राणाजीले जानु. श्री कालि वक्स पल्टन १ र श्री रण सिंह दल. कंपनि १ ली. वडा कपतान तोरण ध्वज कुंवर राणाजी कपतान रणसिंषत्. येस पल्टनका पगरी. स्मेत फागुनमा लिस्ति तरफ जानु. केरुतर्फ श्री माहिला दाज्यैज्यू जानु भयेन. भन्या. लिस्तितर्फ कर्णेल पृथ्वीध्वज कुवर राणाजीले. जानु. इषटीयाका: पल्टनका: पगरि हुंदा सिपाहि. तत्रतत्र गयाका झिकाई कवायेत मासमिल गराई. ताराहान सघाउन. लेफतेन. रणसुर विष्ट लाइ पनि. झिकाउनु. पिपाको ताकितिलाई कपतान दलजित विष्ट लाई लेजानु भनि मर्जि भयो. श्री भैरवनाथका. तेस तरफ. काममा आयाका मानिस जति छन्. चाडो याहां पठाइ दिन्या काम गर. ताहा पिपाको. ताकितिलाई. विष्ठ कपतानलाई. ताहा पठाई दिउको. आहीवाट ताकित गर. भनि अह्राई. दिनु जस्तो तिमिले लेषि पठाउला. सो वमोजिम अह्राई दि जस्तो तिमीले लेषि पठाउला. सो वमोजिम चह्राई. दिन्या काम गहला. पिपा लेषायाका र.सदको हेटौडा देहिगकोट.सम्म अस्ति कुरा भया वमोजिम जगा जगाका भाउले ठेकिदिनु. भनि मर्जि भयाको छ पौष वदि १२ रोज देषि. येसुदि १ रोजसम्ममा आयाका. रसदका ढोक्रा २५९० शुभम्‌-

पौष सुदी ३ रोज ६

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा. मोस्ता

गीराजा आगोन कुंगा नुवुंवाट. लेषि चह्राई पठायाकोः हिजो श्री रणवहादुर साहका पालामा छार्का षोलाको. जगा हाम्रा बाज्या. वावु वराज्यूलाई हामीलाई वक्सीस हुदा. हिजो भोट पाटन. लुमलालीदा. पनि हजुरको. टहल. हाम्रा वाज्याज्यूका. जिये धनले आफु. तलवले षजाना. सिपाहि फौज ली जुमला सम्म. हजुरको. टहल गरि. हिजो पनि पुग्याको हुन्. आज हामीवाट पनि हजुरका हुकुम. मर्जि सिर चह्राई. हुकुम मर्जि वमोजिम-को चाक्री जांदा मर्जि हुन्छन्. जसो मर्जि हुन्छ तेस्तो आजै पनि चरणको टहल गर्न्येछु. श्री ५ सर्कारको जगी षजाना रसद वोकाउनालाई भारि वोकन्या जनावरको तायेदान. गर्न र. मर्दाना सिपाहि. माफिकको मानिसको जमा औ जनावर वाहेकः भारि वोकन्या मानिसको स्मेतको. जमा, तायेदान गरि. गँह्ले वोकि ल्याउन सकन्या अनाज रसद गँह्रको पनि ताहा जो चल्याको भाउले षरिद गरि जमागरि राषि येस भाउले येति रुपिआसम्मको अनाज रसद जमाँ येति भयो. भन्या र. जनावरताये-दानको जमा पनि येति भयो भन्या वेहोराको कागज लेषि मोस्तागीराजा मार्फत जाहा लेषि चह्राउ भन्या हुकुम मर्जिको दस्तावेज हाम्रा कारिंदासंग काजि हस्ते मोस्ताङ आइपुग्यो सिर चह्राई छार्काघेलु मोस्ताङ अम्वल भरका जनावरको जाँच गर्दा चौरी १९६० मोवा ९० लुलु ३७० गदाहा ११७ भेंदा च्यांग्रा गरि २६० छ जनावर सर्वं जमा ५१४५ भयो सिपाहि माफिक षवर्दारी मर्दज्यू २०० भयो वन्दुक पनि २०० भयो. जनावर वाहेक. भारि वोकन्या मानिस ६० भयो. अनाज रसद निमित्त जनावर मानिस स्मेतको नुन् भारि १००० र १२०० वोकाई मोस्ताङदेषि ५ दिनको रस्ता वाह्र गाउंका गवेनीजगात-मा पुगी दस्षत देखाई नंम्रा लाग्याको जगात. दै दस्तुर लेउ. हामि थाकर्गं अनाज रसद षरिद गर्छौं भंदा दस्षत हुकुम मर्जिमा नटेह्रि. रोकटोक गरि निज वाह्र गाउल्याले हुल गर्दा हाम्रा मोस्तां गीजना ४ लाई वीना हुकुममा कुटपिट गरि रगत पक्ष भयो. हुकुम मर्जि दस्षतमा नटेढो मोस्तागीको जिये पनि रौकिन्या भयो. यसो भया. श्री ५ सर्कारको टहल कसो गरि हुन्या हो. हंस थकाली चरणको पाउ धाई पठायाको छ. रोकटोक नगर भन्या. वेह्रोराको. लाल मोहर मिकासा गरि जाहा पठाई वकस्या. श्री ५ सर्कारको टहल पुगन्या छन् शुभम्-

ताहापछि श्री जनरल कृष्ण वहादुर कुवर राणा-जीवाट सुवा मानसरवर कप्तान रामु के लेखि गयाको. जगा जगावाट आया.को रसदको आम्दानी लेषदा विर्ता वेष. मरवट. फिकढाग्का आम्दानी. षान्यावाट आयाको र कमौट षेट पाखावाट आयाको भनि पुर्घाई श्रेष्टामा लेखनु भन्या वेहोराको दसषत भँ गयाको हो. दस्खत लेखिया वमोजिमको स्याहा लेषन निर्वाहा हवैन भन्या षातीर येस वेहोराको रसिद गर्नु भनि रसिद लेषन्या मसौदा अघि तिमीहरू जांदामा पनि लेषि पठायाको हो. सो वमोजिम रसिद लेषन्या मसौदा स्मेत उतारि पठा-याको छ. दस्षतमा धेरं वेहोरा लेषियाको भया पनि येसै रसिदका वेहोरासग स्याहा लेषि रुपिआ र रसिद दिन्या काम गर. ताहाका मुषिया तहवीलदार. नौसिदा-को मिति स्मेत नामा सिउतारिकागज पठाउनु. तिमीहरू गयाका आज १२।१५ दिन भयो ताहा पुग्याको पौचनामा पनि लेषेनौ रसद आउन लाग्या. नआयाको षवर पनि लेषेनौ. अव उप्रान्त वरावर लेषन्या काम गर शुभम्-

रसिद लेषन्या वेहोरा

भादगाउ षौमा भाजुमनी चावल पाथि ।३।४ के रु १ लिखित ११ साल पौष शुदि रोज शुभम्-

पौष सुदी ५ रोज १

तस्तै वीचमा श्री प्राइममिनिष्टरका हजुरमा श्री कर्णेल कृष्णध्वज कुवर राणाजीवाट लेषि चह्राई पठा-याका पल्टनले नेपालमा ४ पाठिका भाउले चावल षांथ्या येतै भाउले रस्तामा पनि पल्टनले षान पाउन भन्या निमित्त नेपाल देषी प्यूषाना सम्मको भाउको मुलुकवाट अनाज झिकन्या यस्तरफ गयाको दरवन्दिको सनदको नकल पठायाको छ. तेस्तरफका पल्टनले अघि गौडामा वस्दा. क्या भाउले षान्थ्या. हुमलामा रसद. पुऱ्याउनु पर्दा टाढा नजीक क्या छ फौजलाई मुनासिफ भाउ पर्न्या रैति लाई पनि सरदर पर्न्या. तजवीजसंग रसदको वन्दोवस्त गरि झिकाउन्या काम गर्नु भनि लेषि वक्सनु भयाको

रहेछ. वहुत वढिया हो. रसदका दरवन्दिका सनदको नकल पनि आइपुग्यो. अघि रसद ज्मा गर्नु भन्या वेहोराको दःषत आउदा हुमला जान हिउले वाटो वन्द नहुञ्यालसम्म रसद हुमला पठाउन्या काम गऱ्याको थिञ्यू. वाटो वन्दा. वन्द भयापछि दुल्लु दैलेख जाजरकोटको रसद सिनासिममा जुमला अछाम वाजुरा वझां थलहराको रसद हुमलाको नगीच जुमला गल्फा. दरा हुनाले गल्फामा वझांवाट ताकलाषार नजिक पर्न्या हुनाले डोटी तरफको. रसद वझामा भाउको सरदर मिलाई भरि जगेरा वाधी राष्याको छौ. अवर मर्जि आया वमोजीं षेत मुरि १ के येति पाषाको येति भन्दा. दरबन्दी वाधी रसद झिकन्या र अघि पल्टन लेषायाका भाउ: सरदर मिलाई षर्च गर्न्या. काम गरुला. पारिषिवानाको नगीच भुचुमा वनि सक्याको घर र वनाउंदा वनाउंदै. वनाउन नहुदा. नञा घर सुकि नसकदा. चिसो भै अनाज राषन नहुन्या. भयेर. रसद हुमला सिमकोट: माराषन्या काम गऱ्याका थिञ्यू. तिवन्याका जगेरा. रसद घरमा पनि हिउ फालन्या मानिस. नराष्यान. हिउले पुरी तेसै पनि षराव हुन्या रहेछ र हिउ फालनालाई. वाहाका: गाउंका मानिस षटाई राषन्या काम गरौला हुमलातिर जान्या रस्ताको वेहोरा वुझदा. पुस महिना देषि चैत्र महिनासम्म हिउले वाटो वन्दा वन्दै गर्दो रहेछ निगल्दो चैत्र मैह्ला देषि हुमला सिमकोट जान हुन्या रहेछ. हुमला सिमकोट देषी. उभोजानालाई र वैसाष मैह्लामा पनि झोवा चौरी लगी. हिउ फोरी जानु पर्न्या रहेछ मुलुकवाट र पनिर मैह्ला देषी चैत्र मैह्ला सम्ममा रसद नझिकाया. वर्षामा अनाज पनि नपाइन्या टाढाको रास्ता वर्षामा षोलानाला ले पनि रोकन्या हुन जालाकि भन्या वेहोराले छिनासिम गल्फा वझामा. जगेरा वाध्याका छौ. दाङ देउषोरीमा ११ हजार रुपिञाको रसद ज्मा गर्नु भन्या वेहोराको दस्षत कपतान जवर कार्कि र वाहाका भला आदमी. रैयतका नाउमा भै आयाको रहेछ र ११ हजारको रसदको वन्दोवस्त. सल्लानामा गऱ्याका छौ दाङ देउषुरीका रसद र छिनासिम गल्फा. वझांमा जगेरा रह्याका रसद यारितक लैजानालाई निरस्ताका गाउलाई तिन्का घरले वोकन्या गोदाममा कुप गरिन दिया. रसद पारि पुग्न सकैन कि भन्या झै लाग्दा मुलुकलाई १ मेरा नाउमा दस्षतको मसौदा गरि चह्राई पठायाको छ तजवीजले जो ठहर्छ शुभम्

---

तेस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा. कपतान भैरववहादुर पाडे सुवा चेतनाथा पाध्या. सुवा धनसुन्दर सुवेदार अैमान षतृले लेषि चह्राई पठायाको. पौष वदी ३० रोज ३ का दिन. टिमुन्या गाउंमा. कपतान भैरव वहादुर पाडे. सुवा चेतनाथ पाध्या. सुवा धनसुन्दर मुषिया २ नौसिदा २० समेत आइपुग्यौ भोलि पल्ट सुवेदार अैमान षतृलाई साथमाली हामीहरू रसुवाको दोसाध सम्म हेरचाह गरि आउ भनि जांदा. रसुवादेषि पाउ भर वढो वाटामाथि. सानु टिप्पा पऱ्याको रहेछ. त्योटिप्पा देषि दोसाधका साधुसम्म मानिस आया. गयाको राम्रो गरि. देषिन्या पनि रहेछ षत्री सुवेदारले वहुत तजवीजसंग जगा जगामा थपु वनायाका रह्या छन् ताहा ३५।३६ हातको ३ तर्फ गरि थपु वनायाको रहेछ: थपु मनिवाट ४० हात लम्वा १ थपु वन्याको रहेछ जगा फराक छैन मानिस वस्न्या ठाउं छैन अनराषनालाई तेसै थपुमा १०।८ हजार मुरि अनराषनु हुन्या छ सो सांधको नजिक छ. रसद राषनालाई जो मर्जि आउंछ सो वमोजिम गरौला. दस्षत. सवालमा पनि टिमुन्या गाउंमा वस्नु भनि मर्जि थियो हामीहरू पनि आई टिमुन्या गाउंमा वसि रह्या छु आहा पुराना घर र २५ गोटा सानुद छैन: रसद आयापछि थन्क्याउनालाई इनै पुराना घर. रफु गरि ताल टैल गरि भित्तामा चित्राले वारिसेफा गर्न लागी रह्या छु पछि सागुरो भै रसद थन्क्याउनलाई ठाउं भयेन भन्या देषि कठिन पर्ला. श्री ५ सर्कारवाट पनि रिसानि होला भन्या निमित्त आहा आयाका षलासि पिपा झारा लि स्मेतलाई अरू २।४ घर पनि तयार गर्नु भनि तजवीज गर्न लागी रह्या छु वृद्धि वर्गदले भेटायासम्मका सराजामले. साकित नभयासम्मले ताकित गरौला भनि रात दिन मनमा चिंतना गर्दैछु हजुरका प्रतापले. सवै कुरो सिद्ध हुन्यै छ हाल आहा रसद आयाको छैन रसद आयापछि ७।७ दिनमा पठाउनु भन्या. सिक्षा पनि छ. सो वमोजिम: आयाका अंनको हिसाव लेषि हजुरमा

जाहेर गरौंला. तोडा पनि २० मारि जाहा आई पुग्याको छ. चौकि पहरा गरि थन्क्याउना काम गरि राख्याको छः अरू ताहावाट हुलाकमा हिंडि आयाको तोडा वाँकि साधु मा रह्याका छन्. इनै तोडा लौ आउन्या. षलासिलाई विदा गरि पठाउन्या काम गरौं. टिमुर्न्या गाउदेषि कोस भर भिड चढाउनै चार थर्‌ वन्याका रह्या छन् यो आयाका रसद ताहा लमौर थन्क्याउः भन्या टाढा देषि आउन्या मानिसलाई. साह्रै कठिन हुन्या रहेछः कठिन भया पनि वाहा पनि. टिमुन्यामा पनि दुई ठाउं थन्क्याउ भनि मर्जि आया. सो वमोजिम गर्छु कठिन ठाउ रहेछ तल, औटन्ज्याल, तलै थन्क्याउनु भनि मर्जि जो आउंछ सो वमोजिम गर्छु. कठिन गड रहछ. पौष सुदि ३ रोज ६ मा गुल्मीतर्फको रसद, गोदाममा आयाको चावल मुरि १।६।६ च्यूरा मुरि ८।१७ ४ ज्मा ८।४।२ विजि-निस चह्राई पठायाको छ. जाहेर होला. शुभम्–

श्री जनरल कृष्णवहादुर कुंवर राणाजिका हजुरमा श्री जनरल रणउद्दिप सिंह कुंवर राणाजिवाट लेषि चह्राई पठायाको. हजुरवाट पठाई वक्स्याको नौसिंदा आजका मितितक जना ३१ आइपुग्यो, ताहा रसदलाई लेषन्या मर्न्या मानिस जति पुग्दैन, श्री ५ सर्कारको नगिर्न्या, दुनियाले दुष नपाउन्या वेहोरासंग तिम्रा तज-वीजमा ८।१० हजार षर्च गर्नु पन्या पनि षर्च गर्नु भन्या, श्री प्राइमर्मिनिष्टर दाज्यै ज्यूवाट मर्जि भयाको छ, तिम्रा तजवीजले. रुपैया षर्च गरि, काम काज लाउनु भनि लेषि वक्सनु भयाका अर्थ रैतिले पनि दुष नपाउन्या काम पनि चलन्या, रैतिलाई सुख दिउ भन्या. श्री ५ सर्कारका रुपिञा षर्च हुन्या. रसद वरोवर, चलन्या काम गन्या श्री ५ सर्कारको रुपिञा ज्यादा षर्च हुन्या, येस्मा आफना वुद्धिले भेटायासम्म, भर मगदुर गर्न्यै छु. ज्याला दि काम सराउ भन्या वद्रिवास देषि रैतिहरूले गाडामा राषि ल्यायाको चावल, डोको भरिया वैंल हेटौडासम्म येक वयेलको ज्याला: पैसा ।। ≡ र चावल माना ४ दिंदा लिदा रह्या छन्, भिक्षा षोरि देषि हेटौडासम्म, येक वयेलको ज्याला लाठ साहि रुपैया २ दिंदा रह्या छन्, हेटौडादेषि माहाजनको मारि वोकि ६ ७ दिनमा नेपाल पुऱ्याउदा रहेछ, तिनिहरूलाई ज्याला मारिको २।। रुपिञा दिंदा रह्या छन्, येक दिनमा कोहि ठाउंमा ।। ≡ कोहि ठाउंमा २ कोहि ठाउंमा २।। दिंदा रह्या छन्, हामीहरूले चुरियाषदार, मेगजीनको काम गर्न्या मानिसलाइ रोजको आदि काम लायाको छ येति ज्यालादी काम लाउनलाई मानिस पाउन मुस्किल परिरहेछ. रैतिको वयेल, टट्टुले आफ्नै चावल वोकनन् ज्यालादारले भैस्यादेषि भिमफेदी–सम्म वोकाउनु भनि लेषि वक्स्याको अर्थलाई वयेल टट्‌ लिन पर्न्या, तेहि जिल्लावाट रैतिले वोकाई ल्याउनु पनि तेहि जिल्लाका वयेल टट्टुवाट मोगलानी महाजन वेपारि हरूले भन्या पँले पाहाडतिर मनि नमान्या उस्मा पनि दिन भरिका वाटालाई ज्याला दिन्छौ चार आना दुनिया दिछन् येक रुपिञा वैयल टट्‌ मानिसका ज्यालाको वेहोरा. येस्ता रसदका कुरालाई भन्या जुन तरहले हुन्छ चाडो पठाउनु भन्या, लेषि आउन्या सदरवाट वेहोरा षोली नआउन्या गोलै आउन्या. जाहा वसि काम गर्न्या. लेक सो गरि आटनु मैले कसो गर्न्या हो, जो मर्जि, श्री भैरव नाथका सिपाहि जाहा काममा आयाका लाई, भर-खर कामको सुर वसिरहेछ पठाई देउ भनि मर्जि हुन्छ तापनि काममा राषमा राष भनि मर्जि भया पनि, जो मर्जि, रणसुर विष्टलाई ताहा पठाई दिन्या काम गन्या कपतान दलजीत विष्टलाई चाडो पपाई वक्सनु भयेन भन्या, जाहा रसद वोकन्या पिपाका अडा अडामा मारि–रहन जाला, तस अर्थ, चाडो पठाई वक्सनु भया वढिया होला, मलाई भन्या नेपाल र मध्येसवाट आयाका चिठीया जवाफ लेखनाले आधारात सम्म सुतन पाइदैन दिउसो भन्या आयादेषि रसद भन्याका ठाउंमा वन्दोवस्त वाधनु पर्दा, आफु नबसि काम नहुन्या आफु वसु भन्या रसद भन्याका ठाउंमा गउले धूलोलें वसि सकन नहुन्या, चुरियाको वाटो हेर्न गया, फर्कि आउदा शिकार खेल्दै आयाथ्या शुभम्–

पौष सुदी २ रोज ६

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल रणउद्दिप सिं हकुंवर राणाजिवाट, लेषि चह्राई, पठायाको छ, जो जाहाको काममा रह्याका मानिसहरूको फर्द उतारि चह्राई पठायाको नजर गरिवक्स्या जाला,

यो थपुं बनाउन लायाकाले थपुं बनाई तयार भयापछि थैला स्यून्या काममा लाउला दिनको २००० थैला आज कालदेषि तयार गराई राषन पाया वयेल टटुलाई पछि वोकाउनालाई षाचो हुन्या थियेन यो काम गर्न्या मानिस वेरामि मै कम भयो भन्या पनि अडा अडामा पिपालाई वोकाउनालाई कम हुन्या थियेन धर्म नारानले थैली पुऱ्याउला भन्या कवुलनामा कौसिमा छ. कवुलनामाको नकल पठाई वक्सनु भया हेरि कवुलवमोजिम काम गर्दा भैंस्यामा वंल टटुले चावल वोकाई पठाउनु भन्याकोता जुन जिल्लावाट रसद वोकि ल्याउंछ उनै जिल्लाको वैल टटुलाई भैंस्या पठाउंदा रैति साह्रै करोउंछ रसद पनि कम भयो तस अर्थ जुन जिल्लाको रसद वोकाउनु पर्दैन उनै जिल्लाको वयेल टटुको वन्दोवस्त गर्नु वेपारिहरूको पनि वयेल टटु यतिले हुंछ भनि जिल्लै सप्तरि महुतरि तिरकाजो षजांचीलाई षटाई पठाञा पुग्याको ११ दिन भित्र वयैल टटु रवाना गरेन भन्या जरिवाना होला भनि पठाञा जो मर्जि मोगलानाका महाजनहरूका वयेल टटुले दिनका ४।५ सये थैलीसम्म चलान हुन्छ मार्ग सुदि १० रोज देषि पौष सुदी ४ रोजतक रैतिहरूले हेटौडा गोदाममा दाषिल गऱ्याको ज्मा मुरि १७०६२।१५।७ येसमध्ये पिपा षलासिले वोकाई नेपाल चलान गऱ्याको भारी १०८९० हाति वयेले टटुले भैंस्या चलान गऱ्याको हाति घोडाले थैलि ७८२ वयेलले थैला ८४७ टटुले थैला १३२ ज्मा भारि १२६५१ रवाना भयाको छ. भिमफेदी को अडामा पीपाको डेरामा राख्याको राखयाको भारि ४ जलेछ भन्या षवर आउंदा आफ्ना डेराले क्यान लेग्या को हो भन्दा भोलि विहानै नहिडा या अडामा पुऱ्याई आफ्ना अडामा आई भोली हिडाउन्या थैली वुझि गनी पट्टि पट्टीका ज्मादार हुंदा पिपालाई जिम्मा दी. हिसाव को कागज मीलाई भरपाई दिंदा ३।४ घडि रातको जांदा छ भोली हिडाउन्या भारि उसैदिन वुझिली कागज मिलाई भरपाई दींदा १०।८ घडि दिन चढदा छ अडामा पुऱ्याई फर्कन कठिन पर्छ भनि विन्ति गऱ्यो. मैले पनि हेटौडाको अडामा वसि हेर्दा इनहरूले विन्ति गऱ्याको मुनासिव जस्तो लाग्यो जो मर्जि–

षामिभित्रको

जिल्ला जिल्लावाट रसद आयाको हाजिर चह्राई पठायाको छ येस्मा कैल्हे घटि कैले वढि पनि आउंछ– २३५२

| | | | |
|---|---|---|---|
| गारा | ९५२ | मठुरा | ६३६ |
| वयेल | १६७ | घोडा | ६२ |
| डोका | १६८ | गाडि | ५ |
| गाडा | ५ | गदाहा | ३ |
| टाट कोराको थैली हाति ५१ | | साहुका वयेल | ३ |

अडा १ के रासका चावल भारि थैलामा हाली दिन्या सिपाहि जना २ थैलि थापि मुष स्युना ठाउमा पुऱ्याई दिन्या जना ४ थैलिका मुष स्युना ज १ के रोजका १५ का दरले थैली ५०० के भाना ३७ येसै दरले अडा ४ के स्युना भर्न्यामा पुऱ्याउन्या जना १६ थैलीका मुष स्यूना जना १४९ ज्मा जवान १८२ ले ज्मा थैला २००० तयार हुन्छ–

रैतिले ल्यायाको चावल भर्न्या अडा १ के जना २ प्रगना मौजेका रैतीका नाउमा भरियाका चावलको गीति लेषन्या नौसिंदाले लेष्याको स्याहा वमोजिम रसिद लेंषन्या पटवारि १ भरिदिका चावल वोकाई गोदाम घर पुऱ्याउन ल्याउना जना १ यसै दरले अडा २० के भर्न्या ४० नौसिंदा २० पटवारि २० भरियाको वोकाई गोदाम घरमा पुऱ्याउन्या २० ज्मा जवाम १०० ले काम ढाकदो रहेछ येसमा पनि वढन आयो भन्या ढाकन मुस्कील हुन्छ–

गोदाम घरमा ठाउं ठाउंमा पहरा वस्न्या अडा ७ के ४ का दरले जना २८ गोदाम घर वरिपरि आगाको र चोरको हेरचाहलाई रवन गर्न्या जना ८ अडा अडामा काम गऱ्या नगऱ्याको हेरचाह गर्न्या ज्मादार हुंदा गरि जना १० ज्मा जना ४६ थैला छाप लाउन्या जना ४ धागो केलाई स्युना ठाउमा पुऱ्याउन जना ४ ज्मा जन्या ८ दुवै ज्मा जना– ५४

कोरा भित्रि. वोरा वाहिरि मा वोराभित्र कोराको भित्री हाली. नआयाको हुनालें र साना ठूला मिलाउन पर्नालें थैली मिलाउन्या जना २५ गोदाम घर वनाउन्या जना ६० ज्मा जना– ८५

चावलको आम्दानी षर्चको स्याहाले षन्या रसिद रुजु गर्न्या· नेगालवाट आयाको १ लालादास १ ज्मा मुषिया २ नेपालवाट आयाको १० मध्ये स्या २ ज्मा नौसींदा १२ दुवै ज्मा- १४

तेरीज चाहिन्या मानिसको

| | |
|---|---|
| मुषिया- | २ |
| नौसिंदा- | ३२ |
| पटवारि- | २० |
| ज्मादार हुंदा सिपाहि- | ३८१ |
| | ४३५ |

| | |
|---|---|
| काममा रहन्या मानिसको हाजिरी ज्मा- | १८२ |
| वटुक दलको- | १३८ |
| कप्तान महारुद्र षतृका जीम्मा अघि पठायाका सर्व्वध्वज पल्टन १ पट्टीका ज्मादार स्मेत- | ४२ |
| थैह पल्टनको- | ५० |
| मुषिया नौसिंदा- | ३२ |
| मुषिया- २ नौसिंदा- ३० | |
| मध्येस जिल्ला जिल्लाका पटवारि- | २० |

तेरिज

| | |
|---|---|
| लेषन्या- | ५२ |
| मुषिया- | २० |
| नौसिंदा- | ३० |
| पटवारि- | २० |
| ज्मादार हुदा सिपाहि | २३० |
| | २८२ |

वाकि यो २ हजार थैला तयार गर्बलाई मैले अंदाजा गर्‍याका ज्या अंदिमा जाहा हाजिर गर्दा काममा लाग्याको· मानिसका वासिल वाकि गरि चह्राई पढाया-को छ. नजर गरि वक्सनु भैं मुनासिव र वेमुनासिव जो वक्सनु हुन्छ मुनासिव ठहराई वक्सनु भया. यो मानिस पठाई वक्स्या जावस् म वसि हेरि वुझि जाचि अघि लायाको काम भन्दा कंसि गर्‍याको जस्तो लाग्छ. जो मर्जि. वाकि मानिस थपनु पर्‍यो. हुंदा सिपाहि जना १५३ शुभम्-

पौष शुदि ८ रोज ४ मा

ताहापछि. श्री प्राइममिनिष्टरका हजुरमा. श्री कम्याण्डर कर्नैल कृष्ण ध्वज कुवर राणाजिवाट लेषि चह्राई पठायाको. वैशाषमा लस्कर ली तैंले ताकला-षारमा जानु पर्‍यो छ. येतावाट हाम्रो मर्जि आउनि मात्र जान्या काम गर्नु. रसद वोकन्या. चौडि भेदा वसि. च्यांग्रा लुलु गदाहा मोल दि षरीद नगर्नु. ज्याला मजुरि-को वन्दोवस्त गर्नु. रसद वोकन्या वेलामा. हर्कट नहवस राजा रजौटाहरू जांछौ भन्यालाई आफुले ल्यायाका मानिसलाई षान आफैले पुर्‍याउला भन्यालाई. साथमा लैजानु मानिसलाई रसद पुर्‍याउन भन्या सकदैनौ· हामिर जांछौं भन्यालाई. गौडा कुढिवस भनि. गौडामा राषन्या काम गर्नु. डेढ वर्षसम्म पुग्न्या. रसद षर्च जाना स्मेत उर्दि गया वमोजिम तयार गरि राषनु. पल्टनमा. षाली षालसाः भर्ना गर्नु. हाम्रा येस्तरफका रयेतले भोटतर्फ गै: रुपियाले नुन षरिद गरि ल्याउछौ भन्या ल्याउन दिनु. अन्न गैह्र भोटतर्फ लगी नुन ल्याउन नदिनु. ताकलाषारको ढेवालाई. तेरो भाषा गरि लेषि पठाउन्या मसौदा पठाया-को छ. मसौदा वमोजिम लेषि पठाउन्या काम गर्नु. तंलाई कम्यांडर कर्णेल भन्या षिताव भयो. आफुले लेषता पनि आफुलाई अरूले लेषता पनि यसै वेहोरा लेषनु भनि उर्दि दिनु: भनि लेषि वक्सनु भयाको रहेछ वहुत वढिया भयो. जौन वखतमा : ताकलाषार जानु भन्या. हजुरका मर्जि आउला. उसै वखतमा जान्या काम गरुँला रसद वोकन्या चौडि घोडा. भेदा गैह्रको पनि. ज्याला मजुरि-को वन्दोवस्त गरि. राषन्या काम गरौला राजा रजौटा-हरूलाई पनि मर्जि आया वमोजिम. वेहोरा गरौला. रसद षर्च जाना पनि मर्जि आया वमोजिम जान त भर तयार गरि राषौला. पल्टन कंपनीमा षाली षाल्सा पनि भर्‍या गरुला: षालि राषन्या छैनौ: भोटतिर नुन लिन जान्या-लाई पनि: मर्जि आया वमोजिम ताकलाखारको ढेवा गई चिठी लेषन्या वेहोरालाई पनि हजुरवाट पठाई वक्स्याको मसौदा वमोजिम लेषि पठाउन्या काम गर्‍या हजुरका मेहरले मलाई कम्याण्डर कर्णैलको षिताव वक्सनु भै आयाको रहेछ शिर चह्राजा श्रौ हाम्रा इलाका भरको ताकिति गराई ज्मा भयाका रसद मध्ये तैनाथि पल्टन कंपनी लेषायाको रसद ठहर्छ तेस्को रसद षरिद गर्दा

पऱ्याको र बोकदाला पाको षर्च स्मेत हिसावको गरि जो भाउ ठहर्छ उस भाउसंमः तैनाथवाला भारादारले आफ्ना पल्टन कंपनि लेखायाको तरतहसिल गरि सदर मुलुकि खानाः मा बुझाई रसिद लि. वुला वुझाउनु केन भन्या. हाम्रा घर घरानावाट वुझाउला भनि सहि हालि तिमीले पनि कागज पठाई दिन्या काम गर. अरू तैनाथ–वाला भारादारको पनि सहि हल्लाईः पठाउनु भन्या वेहोरा श्री प्राइममिनिष्टर दाज्यैज्यूवाट लेषि आउंदा येस वेहोराको कागजमा सहि हालि मुलुकि षानामा पठायाका छौः हामिले रसद पल्टनलाई दिदामा जो भाउ लियो. सो भाउ दिन्या होकि ज्याला मजुरी स्मेत हिसाप राखी भाउ काटी जो भाउ ठहर्छ सो भाउ दिन्या हो जो मर्जि शुभम्—

पौष सुदी ११ रोज ७

श्री जनरल कृष्ण वहादुर कुवर राणाजीवाट. कप्तान भैरववहादुर पाडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल. सुवा चेतनाथ पाध्या सुवा धनसुन्दर जमादार अैमान षत्रीहरूलाई लेषि गयाको जगा जगावाट आयाको रसदको आम्दानीः लेषताः विर्ता वेष मरवट. फिकढारका आम्दानी षान्यावाट आयाको र कमोटवाट आयाको भनि छुटचाई श्रेष्टामा लेखाउनु भन्या वेहोराको दस्षत भै गयाको होः दस्खतमा लेखिया वमोजिमको स्याहा लेषन निर्वाहा हुवैन भंना षातीर येस वेहोराको रसिद गर्नु भनि रसिद लेषना मसौदा समेत उतारि कागज पठाउनुः तिमीहरूसंग १७ पट्टि षिपा गयाका हुन्. आजसम्म कति ताहा वाकि छन् कति आहा आया फाट उतारि पठाउन्या काम गर औ टिमुन्या गाउदेषि कोशभरः भिर चह्राउः गै थर्पु वन्याका रह्या छनः ताढा देखि रसद ली आउन्यालाई. साह्रै कठिन हुन्या रहेछ कठिन भया पनि दुवै ठाउंमा राषन्या होकि औरज्याल टिमुन्यामा राषन्या हो भनि लेष्याका कुरालाई. कपतान दलजित विष्टले ताहा राष्याको जमादार अैमान षत्रीलाई अह्राया वमोजिमका जगामा राषन्या काम गर्नु शुभम्-

पौष सुदी १२ रोज १

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल रणउद्दीप सिंह कुवर राणाजीलाई लेषि गयाको: धर्म नारानले. थैलो पुऱ्याउला भन्या कवुलीयत कौसिमा छः त्यो कवुलियतको नकल पठाई वक्स्या कवुलीयत वमोजिम काम गर्दा हु भनि लेषियाका कुरालाईः धर्म नारान ले थैला पुऱ्याउला भनि लेजि दियाका कवुलियतको नकल पठाई दियाको छ. पुगला सो वमोजिम काम गर्नु जुन जिल्लावाट रसद वोकि ल्याउछन् उसै जिल्लाका वयेल टटू ल्याई भैस्या पठाउंदा रति साह्रै कराउछन् रसद कम भयो. तसअर्थ जुन जिल्लाको रसद वोकनु पर्दैन. उनै जिल्लाका वयेल टटुको वन्दोवस्त गर्नु. वेपारिका येति वयेल टटुले वया हुन्छ. भनि जीन्लै सप्तरि महुतरीतिर काजि षजांचिलाई षटाई पठाजा पुग्याका ११ दिनका दिन रवाना भऱ्यौनौ भन्या जरिवाना होला भनि काजी षजांचीले षटाई पठाउन्या काम गऱ्या. भनि लेष्याका अर्थ वढिया गऱ्या छौ. काजि षजांचिले हेटौडादेषि भिफेदीसम्म. रसद पुऱ्याउनालाई वयेल टटुको वन्दोवस्त गर्छौ. निजका भाडालाई कंपनि रुपिया ३७ हजार गयाको हो ति रुपियाले काहाका वयेर टटुको वन्दोवस्त गरि कति रसद भींफेदी तरफ चलान गऱ्या छन् वया वन्दोवस्त गऱ्या छन सो वुझि काम गऱ्या वढिया होला वांकि २ हजार थैला तयार गर्नालाई मैले अंदाज गऱ्या उमा वंदिमा हाजिर गर्दा काममा लाग्या मानिसको वामिल वाकि गरि चह्राई पठायाको छ नजर मै मनासिव र वेमनासिव जो ठहर्छ भनि लेष्याका कुरालाई यो वन्दोवस्त गरौला भनि तिमीलाई पठायाको हो. तिम्रा तजवीज माफिकका सिपाहि जना १५३ पठाई दियाका छन् पुग्नन् पुग्यापछि जौन जौन काममा राषनु पर्ऱ्या हो. तिम्रा तजवीजले राषी काम चलाउन्या काम गर्ऱ्यै छौ भिफेदी पिपाका देरामा राख्याको भारी ४ जलेछ भनि लेष्याका कुरा ति चार भारि विगर्न गयो तापनि. अव उप्रांतको षवर्दारि राषनु भन्या उर्दि वेस गरि दिन्या काम गर्नु शुभम्-

पौष सुदी १४ रोज ३ मा

श्री जनरल कृष्ण वहादुर कुंवर राणाजीवाट पाल्पा पोखरा तार्कु प्यूठा गोर्षा थुम्थुमलाई लेषि पठायाको रसद उठाउन जान्या पट्टीका नाउंमा. चाडो रसद

उठाउनु भन्या वेहोराको दस्षट् चिठीमा षामि पठायाको छ ताहा आई पुगना वित्तिकै एक छिन विलंब नगरि जाहा २ पट्टी पुग्याको छ उसै उसै ठाउंमा पुगन्या गरि पठाइदिनु. आफुले भेटेका दुनिञा गैह्लाई येस्ता चिठी आयाको छ भनि उर्दि दिदैं रहनु शुभम्–

तस्तै वखतमा श्री प्राइममिनिष्टरवाट सुवेदार फत्यसिं कार्किलाई लेषि गयाको भारि वोकन्या चौरि. गोरु ज्मा ६।७ सयं रह्या छन् भन्या विस्तार स्मेत: जो भयाको विस्तार विंति गरि पठाउन्या काम. वढिया गन्या छौ. भारि वोकन्या चौरि गैह्ल रुपिया दि षरिद गर्न्या काम नगर्नु भारि वोकन्या चौरि गोरु ज्मा गरि काज चल्याका वेलामा ज्याला मजुरिको वन्दोवस्त गरि चैत वैशाषमा दुज्मा भयाका चारी गोरु गैह्लको ज्याला मजुरिमा गुहारि र गरौला भन्या रैतानको मुचुल्काली चौरी गोरु गैह्लको ज्माको १ कागज तिमीहरूले ली येक कागज र चौरी गोरु किनलाई तिमीहरूले लै गयाका रुपिञा स्मेत लेफटेन चन्द्रविर विष्ट लेफटेन नरध्वज कार्किका जिम्मा बुझाई बुझायाका निज लेफटेनको भरपाई लि तिमीहरूका संगमा लैं गयाका हुंदा सिपाहि स्मेतलाई लि चाडो आहा सामेल हुन आउन्या काम गर शुभम्–

पौष सुदि १५ रोज ४ मा

श्री प्राइममिनिष्टरवाट कम्याण्डर कर्णेल षड्ग वहादुर कुवर राणाजिलाई लेषि गयाको कम्याण्डर कर्णेल षितावको भेटमाझा असर्फी १ पठायाको आइपुग्यो मध्येसको रसद पाहाडका दुनियालाई वोकाउनु भनि मर्जि भयाको हो पाहाडका हामीले मध्येसको रसद पनि वोकनैं पर्न्या छ भन्यापछि वर्षाको याम षेतिपातिको वेलामा मध्येसको रसद वोकनालाई कठिन पर्ला आज– काल मध्येसको रसद पनि वोकि वलाङ्चुङ पुन्याउछु पछि फौजलाई रसद पुगेन भन्या हामीलाई लाग्याको दरवंदि वमोजिम अनाज वलाङ्चुङमा पुन्याउला भन्या दुनिञाको आसये देषता. विंति चह्राई पठायाको छ भन्या विस्तार लेष्या कुरालाई जुमलामा कम्याण्डर कर्णेल कृष्णध्वज कुवर राणाजि. लिखितमा श्री जनरल धिर शम्सेर जङ्ग कुवर राणाजिले आफ्ना आफ्ना तर्फलाई चाहिन्या वाटा घाटा किल्ला षजाना रसद तयार गरि सक्या तैले वातचिछे साधक पठाई आहावाट जवाफ गया पछि कैल्है काम गर्लास् दुनियाका वढिया आसये रहेछ अघि मध्येसको रसद वोकोस् गर्मिको याम आयापछि पाहाडको रसद वोकाउन्या काम गरि हिउदमा हिउ पर्न्या जगाको दोसांध पारि फौज वस्न्या जगामा वाह्रै महिना हिउ पर्न्या. फौजलाई सुमितासग वस्नु हुन्या जगा हेरि फौज राषन्या काम गर्नु रसद ज्मा भयाको हाजीर महिना महिनामा पठाई दिनु ताहाका फौजलाई वर्ष दिन षानालाई रसद पर-सारी आहा केरु कुटीवाट जान्या फौज दिगर्चा पुग्दा ताहाका चौरी लुलु भेंडा टट्टु– लाई वोकाई कतिसम्म डिगर्चाका फौजलाई रसद पुन्या- उन सकलास् तजविज गरि लेषि पठाउंदा काम गर केहि गरि हटि या. च्यांटामा भोटे आयो भन्याः ति भोटेलाई रसद नदिनु. गाउमा आगो लगाई आफ्ना गाई भैंसि माल मत्ता ली वनवस्नु अथवा अन्यत्र सर्नु भनि उर्दि पनि दे. दस्षत पनि पठाई राख र षान नपाया आफै अभयाका ठाउ ति भोटेले आउनु पर्छ पामाखा पूर्वः अरूण पश्चिम को रसद तुमलिटारमा राषन्या. तजवीजका कुरालाई तुमलिङमा रसद राषनु हुदैन राषन्या काम नगर. वाकि कदाचितः तेस अडालाई मदत पुगैंन भन्ना निमित्त. सम्सेर दल पल्टनका निसानभित्र नञा सम्सेर दल पल्टन जमाई कपतान १ लेफटेन १ सुवेदार १ ज्मादार १० कोत्या मेजर अजोटन ३ हवल्दार २० अम्वलदार २० सिपाहि ६१ पिपा जमादार २ पिपा हवल्दार २ पिपा १०० षडा गर्नु भन्या ठह्रि १३ सालका वालिलाई आहावाट षानगि भर्ना दि कपतान जङ्गवहादुर षत्रि. साल १९१३ को श्री जङको तेरा छोरा. का षानगीमा लेफटेन उधोसिं कार्किलाई दर्शन गरि पठायाको छ. सुवेदार वसन्त गीरि १२ साल कालिलाई कम्पुमा सुवे– दारि भयाको थियो. कंपूवाट झिकि ताहा पठायाको छ. येसलाई षानगि आहिवाट भर्ना भै आउन्या छ १३ साल- को स्म्सेर दलको पजनीमा सरह वमोजिम थमौति गराई दिन्या काम गर्नु भर्ना गर्नु. पर्न्या ज्मा मध्ये आधा तैले ताहा भर्ना गर्नु आधा आहिवाट भर्ना गरि लेषि पठाउला १३ सालका वालिलाई षानगि भर्ना भयाका कपतान लेफटेन

सुवेदार ३ वाहेक १२ साल वैशाष वदि १ रोज देषि मैह्लावारि दर्माहा षान्या हरू वर्ष दिनको ज्मा वन्दिको कागज पठाई दियाको छ येस हिसावले मैह्लावारि दर्माहा जति दिनु पर्छ तजवीज गरि १२ साल तलव दे ताहाका कम्पुमा पल्लो किरातका षेतका वालिले तलव वाडि दिनु. कंपुलाई सट्टा जाहा दुकितिवाट मिलल्ला. दुनियादार वेपारिहरू अघि देषि दोर्ज्येलिङ सुषिम तरफ जान आउनु गर्दा रह्या छन् इनलाई पनि येस माफिक. गर्नु भन्या सिक्षा आया सो वमोजिम गरुला भनि लेष्याका कुरालाई वेपारिहरू गैह्र सिपाहि स्मेतलाई जान आउन दिनु हाम्रा मुलुकका स्वास्निहरूलाई अघि पठायाका. ऐन वमोजिम जान नदिनु मुन्सी राषन्या कुरालाई मुन्सो रहदैन फार्सि चिठी कतैवाट लेषि आयो भन्या फार्सि लेषन्या मुन्सी जाहा छैन नागरि अक्षर लेषि पठाउनु भनि फार्सि चिठी फिर्ता गरि पठाई दिनु. चोर मोटेका स्वास्नि हरूको विस्तार लेषन्या. कुरालाई ति मोटेनिहरूलाई लिलाममा विक्री गरी मोलको रुपिञा आम्दानी वाधी राषन्या काम गर्नु औ तेस तरफलाई २, टोप लैजानु भन्याको हो अवर छ तोप लैजान पर्‍यो तसंग रह्याकामा २ तोप तयार गर्न्याको होला ४ तोपलाई ताहा तेरा तजवीजमा ठहर्‍र्या तोप छ कि छैनन्. नभया लेषि पठाउन्या काम गर्नु. तोपको सराजाम पनि जो जो चाहिन्छ लेषि पठाउन्या काम गर्नु–

---

षामित्रको

| १३ सालका वालिलाई दर्शन गर्न्या | जना | वर्ष १को | ज्मा |
|---|---|---|---|
| कप्तान तेजवहादुर घर्ति | १ | २७५० | २७५० |
| लेफटेन उधौंसि कार्कि– | १ | ९७५ | ९७५ |
| सुवेदार वसन्त गीरि · | १ | ६७५ | ६७५ |
| | ३ | × | ४४००। |

१२ साल वैशाष वदि १ रोज देषि मैह्लावारि दर्माहा षान्या

| | | | |
|---|---|---|---|
| ज्मादार– | १० | २०५ | २०५० |
| अजिटन– | १ | २०० | २०० |
| मेजर– | १ | १२५ | १२५ |
| कोत्या– | १ | १२५ | १२५ |
| हवल्दार– | २० | ६० | १२०० |
| अवल्दार– | २० | ५५ | ११०० |
| सिपाहि | ५६१ | ५० | २८०५० |
| पिपा ज्मादार– | २ | ५० | १०० |
| ऐ हवल्दार | २ | ४० | ८० |
| पीपा | १०० | ३६ | ७६०० |
| | ७१८ | | ४१०३० |
| | ७२१ | | |

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल रणउद्दीप सिंह कुंवर राणाजीलाई लेखि गयाको दानापुरवाट धान कुटन्या निफन्या कल हाल्याका सन्दुस ३ सुगौलिमा आइपुग्या. लिन पठाउ भन्या वडा साहेववाट इतलाये गरि पठायो तस अर्थ ताहावाट ३ सन्दुसलाई १६ जना पिपा र येक जना कोत्या पठाई ति सन्दुस वहुतै सह्मार संभारसंग सुगौलिवाट वोकाई पठाई दिन्या काम गर. यो कल वडा साहेवको माल असवाफ रहन्या जौन गोदाम हो उहि गोदाममा छ यो चिठी पुग्नी मात्र मानिस पठाई तुरंत चाडो पठाई दिन्या काम गर चुरिया षोलि गाडा चलन्या र पिपालाई सामल वोकना निमित्त दस माना जान्या वोराको. वाहिरी. कोराको भित्री भयाको थैला ६ हजार षरिद गरि स्यून लाजा भनि लेष्याका कुरालाई श्री ५ सर्कारको किफाये रहुन्या र. पिपाहरूलाई षाचो नहुन्या तजवीजसंग काम गर्‍या छौ. वढिया हो. मुषिया नौसिंदाहरूका तलवका कुरालाई १।२ दिनपछि दस्तावेज गरि पठाई दिन्या काम गरियेला शुभम्–

माघ वदि २ रोज ६ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल रणउद्दीप सिंह कुंवर राणाजीवाट लेषि चह्राई पठायाको. काजि षजांचिले हेटौडा देषि भिंफेदीसम्म रसद पुर्‍याउनालाई वयेल टट्टुको वन्दोवस्त गर्छौं निजका भाडालाई कंपनि रुपिञा ३७ हजार गयाको होति रुपियाले काहाका वयेल टट्टुको वन्दोवस्त गरि कति रसद भिंफेदि तरफ

चल्यान गऱ्या छन् क्या वन्दोवस्त गऱ्या छन् सो वुझि काम गऱ्या वढिया होला भनि लेषि वक्सनु भया अर्थ रुपिया ली कडखानामा राख्याका रह्या छन् वयेल टट्टुको वन्दोवस्त अज गऱ्याका रहेन छन् र तिमीलाई त्यो रुपिया-को थुप्रो मात्र राषन दियाको होइन आजसम्म वन्दोवस्त नगरि क्या गरि रह्याथ्यौ भन्दा इ रसद लाग्याका ४ जिल्लालाई वयेल टट्टुको वन्दोवस्त गर्नु भयेन मोगला-निआहरू मांन्या भयेनन् भनि भदा सप्तरि महुत्तरिलाई रसद लाग्याको थियेन भनि तिनीहरूलाई थाहै छ इ रसद नलाग्याको जिल्लामा वन्दोवस्त नगरि क्या गरि रह्याथ्यौ भनि षटायाका आज ९।१० दिन भयो अवका ६।७ दिनमा ता केहि वयेल टट्टुको वन्दोवस्त होला माहाजनका वयेल टट्टु ८०।९० सम्मले रोजको मैस्या-सम्म चावल वोकछन् इनिलाई पनि तिन तिन दिनको रसद वोकन्या पालो गरि दियाका छन् मैस्यामा र भिफेदिमा गोदाम घर ६०।७० हात लगाई १२।१५ हात गजसम्मको वनाउनु भनि कपतानलाई अह्राया यो वनाउनलाई झारा लाउ भंदा २।४ फेरा भयो अव १० पैसा ज्याला दि वनाउन्या हो कि झारा गरि वनाउन्या हो. जो मर्जि. वोराका थैली राषि चल्यान गऱ्याका चावलका भारी विसायाका ठाउमा चुहु छन् भनि भन्छन् त्यो थैली फेरी अन्त चलाउन पऱ्यो भन्या काम लागैन भन्या जस्तो लाग्छ उस्मा पनि वोराको थैला वरावरको वोराको थैला आउदैन मुष मिल्याको थैलीमात्र षोजी हालौ भन्या थैला कम भयो भन्या अडा अडाका पिपा षलासि वेकाममा रहन जाला भन्ना निमित्त मुष स्यून नहुन्या भया पनि माथिवाट वोराले ढकाइ भरिसक्य मजगुत गरि सिलाई पठायाको छ तर टाटको थैला भया देषि वर्षन् वर्षलाई पनि बिग्रैन भन्या झै लाग्छ जो मर्जि वयेल टट्टु आउन ढिल हुन जाला भंना निमित्तले म पनि सप्तरि गआ माघका २०।२५ दिनसम्म मा राजीवाजी गराई पायासम्मको काम गरौला ४।२ सये आजका १०।१२ दिनमा आइ पुगला साठि सारिका रातो चावल मोहरु पिया १ को १३ पाथि भरि लिनु भनि मर्जि भयाको हो रैतिहरूका नाममा रसदको मुदाम गरिवक्सनु भयाको दस्षतमा भन्या षश्रामसिना १२ पाथिका भाउमा ४।५ दिनको वाटो वोकि पुऱ्याउनु भन्या वेहोरा लेखियाको रहेछ त्यो दस्षत भन्या काजि षजाचिले पढी रैतानमा सुनायाका रह्या छन्. आहा गोदाममा भन्या रातो चावल १ हिसा सेतो चावल २ हिसा आउदो रहेछ रातो चावलको १३ पाठिको भाउ सुनाया पछि सेतो चावलमा भाउ घटाई देउ भनि रैति-हरूले पछि उजुर गर्नन् कि आहा २।४ जना रैतिसंग मन्दा भन्या हाम्ऱीलाई षश्रामसिनाको येकै भाव भन्या दस्षत भयाको छ भन्छन्. कसो गऱ्या हो. दानापुरवाट धान कुटन्या निफन्या कल झलन्या सन्दुक ३ पिपा कोल्या षटाई लिन पठाउन्या काम गऱ्या शुभम्–

## माघ वदि ३ रोज ७ मा

ताहापछि श्री मिनिष्टर जनरलवाट सुवा विर भजन माझिलाई लेषि गयाको जुमलामा श्री कम्याण्डर कर्णेलवाट २८।२९ हजार सिका फिराई पठायाको छ. तिमीले वट्टाइ गरि ल्याउनु सल्याना तरफको रसद पनि तिमीले वन्दोवस्त गर्नु भन्या लेषि आयो भन्या विस्तार स्मेत लेषि पठाउन्या काम वढिया गऱ्या छौ जुमला श्री कम्याण्डर कर्णेल माइवाट रुपियाको वट्टाइ स्मेत सल्लाना तरफको रसदको वन्दोवस्त गर्नु भन्या लेषि आई थामि-याका छौ. भन्या वढिया भयो सो कुरा नआई कामको निहु गरि उसै रह्याका छौ भन्या आजसम्म मुहुदामा हाजिर नभयाको कुरा तिमीने वुझाउनु पर्ला. जरिवाना स्मेत होला नी. २८।२९ हजारको वट्टाई गर्दा तेरा तरफ को मानिस समेत साछी राखी वजारमा चल्याका भाउमा वट्टाइ गरि दिनु भन्या र श्री वरष पल्टनलाई तयार गऱ्याका षरषजाना. वाहेक गोलि र तोस्दानहरू छन् भन्या. ती दस्षतले नसध्याका गोलि र तोस्दानहरू दिनु भन्या श्री कर्णेल केदार नरसिंह कुवर राणाजिलाई लेषि गयाको छ. सो वमोजिम रुपियाको वट्टाई र गोलि तोस्दानको वन्दोवस्त र सल्यान तरफको रसदको वन्दोवस्त गरि चाडो आफ्ना अडामा जान्या काम गर शुभम्–

## माघ वदि ४ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्री नरसिंह कुवर राणाजीवाट लेषि चह्राई पठायाको. फौज नवढाई हवैन भनि आहा ६।६ सयेका पल्टन २ नया भर्ति

गरि येक पल्टन धनकुटा तरफ जाग्या भयो: यस्तर्फ वढीया ढाक्या मिल्दैन. तस निमित्त तेस तरफ जमाजगामा सिपाहि हुन्या घरानाका लायेक मानिस झिकाइ.ताहा तँले भर्ना गर्नु पर्‍या जवानको रैवन्दी र ज्मादार २० के दर २०५ को न्या २ के दर १२५ मेजर २ के दर १२५ अजिटन २ के दर २०० लँन हवल्दार २ के दर ७५ अगाडि निशान २ के दर ६० पछाडि निशान २ के दर ५५ हुवल्दार ४० के दर ६० अमल्दार ४० के दर ५५ सिपाहि ११२२ के दर ५० वर्ष १ को येहि दरले हिसाप गरि १२ साल वैशाख वदि १ रोज देषि मैनावारि दर्माहि पाउन्या छन् भनि सुनाई चाडो भर्ना गरि जाहा पठाई दिन्या काम गर्नु कपतान. लेफटेन. सुवेदार: षर्दार जहावाट भर्ना हुन्या छन् भनि लेषि ववस्याकार्थ आटचापछि वेला अनुसार काम गरिववसीयेछ. मुनासिव हो. मलाई वहुतँ मेहरमानी गरि वक्सियेछ. मुलुक. आफुले वुझ्याको छैन. आवादानी. कमति हुनाले. कठीन पर्ला कि भन्या जस्तो लाग्छ भरमगदुर गर्दा जाहासम्म सकुंला नौगहा रहन्यैं छ काम गर्न्या र हजुरको प्रजा हो दस्षत १ को मसौदा चह्लाई पठायाको छ छाप लाई वक्स्या जाला सिक्ष्या लेषि वक्स्या वमोजिम मानिस झिकाउन

ठाउं ठाउंमा हुदा सिपाहि षटाइ पठाउ या काम गर्‍या ५।७ पगरि हुदा सिपाहि गरि ४०।५० जनालाई दर्शन गराई दिन्या काम भयो ५।७ दिनमा मुहुर्त हेराई हजुरको मर्जि वमोजिम काम गर्न तानसेन तरफ जान्छु त्यहांवाट चाजो पर्न्या रहेनछ भन्या पोषरातिर जाग्या काम गर्छु. दर्माहा. पाउनु पर्न्या क्या रुपिञा हुन् षोलि आयेनछ दर्सन गर्‍यका जवान साल तमामि षोसिन्या हुन कि र दलवदल हुंदै रहन्छ मोष्टाङवाट ९ दिन मा झुगा पुग्न्या रहेछ.

लेफटेन अम्वर सिं कुंवर राणाजि श्री वरष पल्टनको ज्मादार हुंद्दा स्मेत पट्टि १ सिपाहिलाई गोलिगडा षर्ष जाना स्मेत दिमाहावाट फागुन लाग्न्या संक्रान्तिका भोलि पल्ट मोष्टाङ्ग पठाई तेसतर्फका चौरी झोवा. लुलु. षचर. गदाहा. भैंदा गैंह्ल भारि वोकन्या जनावर ५।७ हजार ज्मा गरि राषनु फागुनका १० दिन वांकि सम्म जस जसका भारि वोकन्या जनावर छन् तिनहरूलाई आफ्नु वंद वेपार चलन गर्न दिनु. वाहापछि कसैले दवाउनु छ

पाउनु नपाउन्या गरि ज्मा गर्नु. ति जनावरलाई रसद वोकाई वैशाष लाग्न्या संक्रान्तिका दिन झुगा पुगन्या गरि श्री वरष पल्टन. स्मेत. लेजानु पर्न्या छ. रसद षरिदलाई वेनि वाग्लु र दान मन्सारवाट. रुपैया लिनु भन्या दस्षत ५।७ दिनमा पठाई दिन्या काम गरियेला. सोहि दस्षत वमोजिमका रुपैया ली. ज्मा भयाका जनावरले वोकन सक्यासम्म पाया करुको सत्तु नपाया जौको सत्तु. त्यो पनि नपाया चावल च्यूरा उवा फापर येतिमा जो पाइन्छ पायासम्मको रसद षरिद गरि मोष्प झुगामा रह्याका पल्टन समेतलाई पुगोस. नभया श्री वरष पल्टनलाई रसदको हरकट नहुन्या गरि ज्मा गर्नु भन्या कुरा अह्राई

नीज लेफटेन र ज्मादार हुदा स्मेत पट्टि १ लाई हिडाउन्या काम गर्नु भनि लेखि वक्स्याका कुरालाई रसद षरिद गर्न्या दस्षत आई पुग्या पछि मर्जि वमोजिम मजकुर लेफटेनलाई काम काजको इझार लेषि दि. अह्राई पठाई. फागुन लाग्या संक्रान्तिका भोली पल्ट. मोस्टाङ्ग तर्फ र माग्न्या गर्न्या काम गरुंला रसद षरिद गर्न्या रुपियाको तहविल लेफटेनसंग रहला. आम्दानी षर्च लेषन्या वहिदार १ पठाउन्या तर्जुमा गरिरहेछु षरिद गर्‍याका रसद झुगामा चलन नहुंज्याल ज्मा गरि राषनालाई गोदाम घर कस्ता वेहोराले वन्द छ. ज्मा गर्‍याका जनावर गैंह्ल फागुनका १० दिन वाकिसम्म जसजसका छन् तिनीहरूलाई वंद वेपार गर्न दिया. आखिरी अवस्ता छ. आफ्नु तालुकवाट गयाका जनावर दवाई अथवा सिमाना कटाई लुकाउनन् कि भन्या जस्तो लाग्छ निजमा भयाका जनावरलाई षानाको र चह्लाउनाको क्या वेहोरा गर्न्या हो. रसद झुगा पुर्‍याउन. अर्को कोहि मानिस अषतियार हुंछ कि. पल्टन मार्फट लैजान्या हो फागुन निकल्दा वांकि रह्याको श्री वरष पल्टनलाई गद्दा पत्थर

जो चाहिन्या षर्च जान्या स्मेत मोस्ताङमा नीज लेफटेन संग सामेल भैरहनु भनि अह्राई पठाउनु. जाहावाट झुगा जानु भन्या लेषि गयापछि मोस्टाङवाट लेफटेन स्मेत श्री वरष पल्टनका चाद तोडदिनु भनि मर्जि वक्स्या वमोजिमको दिन्या काम गरुला. नसिहत वमोजिम काम कुरा गर्दा केहि पुगनपुग पछि जाहेर हुंदा मेहर्वानिगि वक्स्या जाला उपेन्द्र कार्की सर्दारको छोरा विरुराम

कार्की अघि कंपूमा सुवेदारी भयाका रह्या छन्. पछि भाईहरूले पनि सुवेदारी दिंदा लेफटेनीको जगरली रह्याका रह्या छन्. घरानिया पनि हुन्. पल्टनिया. काम कुरा र कवायेतको बेस सिपालु छन् उमेर पनि पगरि लायेकको छ. सुवा लालका भाई रत्नमान पनि लायेकको मजवुत छ. वन्दुक पनि वेस हान्दछ. कचहरि देष्याको. काम कुराको पनि. सिपालु छन्. नेवार पनि हुंदैन. सुवेदारीका मर्दा मरन सकन्यै छ आहाका वासिंदा पनि रह्या छन्. तिनीहरूले जोर जम्मा गन्या मानिस पनि येक कडा होला भन्या जस्तो लाग्छ. नीजहरूलाई मेहनवानगी गरि वक्स्या आफना आफना पल्टन षडा गर. पछि रुपिया समातियेला भनि तनकि लगाउन मोजा मिलन्या छ. पीषाको पनि चाडो वन्दोवस्त गरिवक्स्या वढीया होला मुकाम डटौल शुभम्–

(क्रमशः)